# उदयपुर सिमेण्ट उद्योग लिमिटेड

## आ.व.०७६/०७७ को लागि सूचिकृत गर्ने सम्बन्धि सूचना।

(प्रथम पटक प्रकाशित मिति : २०७६/०३/०३ )

यस उद्योगको लागि आर्थिक वर्ष ०७६/०७७ मा आवश्यक पर्ने विभिन्न किसिमका सामान तथा विविध प्रकारको सेवाहरु आपुर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित बिषयको कारोवार (काम) गर्ने स्वीकृत प्राप्त गरेका ईच्छुक रजिष्टर्ड फर्म/कम्पनी तथा संघ संस्थाहरुको सूचिदर्ता गराउनु पर्ने भएकोले आफ्नो फर्मले आपुर्ति गर्न सक्ने सामानहरुको प्रति ईकाई मूल्य सूचि (Price List) सहितको विवरण खुलाई **नोटरी पव्लीकवाट** फर्म दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र (VAT) तथा कर चुक्ता प्रमाणपत्रको प्रमाणित गराई सूचि दर्ताको लागि आवेदन संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समयमा उद्योगको प्रधान कार्यालय जलजले उदयपुरमा निवेदन दर्ता गराउन हुन सम्बन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। साथै E-mail वाट पठाईएको कागजातहरुको सक्कल प्रति अन्तिम मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा वुझाउनु पर्ने छ।

### आपूर्ति गर्नुपर्ने सामान तथा प्रवाह गर्नुपर्ने सेवाहरुः

| सि.नं. | काम र सेवाको विवरण | सि.नं. | काम र सेवाको विवरण |
|---|---|---|---|
| १ | मसलन्द, स्टेशनरी तथा छपाई सम्बन्धि सामानहरु आपुर्ति। | ११ | सुरक्षाकर्मी तथा ज्यामी आपूर्ति कार्य। |
| २ | इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा रेफ्रिजेरेशन सम्बन्धि सामान आपूर्ति तथा मर्मत संभार कार्यहरु। (घरेलु तथा औधोगिक) | १२ | सिभिल निर्माण सम्बन्धि कार्य तथा मर्मत संभार कार्यहरु। |
| ३ | कम्प्यूटर,प्रिन्टर, फोटोकपी लगायत मेशिनरी औजार आपुर्ति तथा मर्मत कार्य। | १३ | सूचना तथा विज्ञापन प्रकाशन सम्वन्धि कार्य। |
| ४ | सफ्टवेयर, हार्डवेयर, नेटवर्किङ्ग,ईन्टरनेट निर्माण तथा सेवा प्रदान। | १४ | सवारी साधन, हेभी ईक्यूपमेण्टसका स्पेयर पार्टस एवं मर्मत संभार कार्य र कार्यालय उपकरणहरु। |
| ५ | कर्मचारी पोशाक आपूर्ति तथा सिलाई सम्बन्धि कार्य। | १५ | काठ, काठका सामान, स्टील फर्निचर, फ्लोरिङ्ग तथा फर्निसिङ्ग कार्यहरु। |
| ६ | डिजेल/पेट्रोल/ग्रिज/लुब्रिक्याण्टस तथा टायर ट्यूव आपूर्ति कार्य। | १६ | हार्डवेयर, निर्माण सामाग्री तथा स्टिल मेटेरियल्स सम्बन्धि कार्यहरु। |
| ७ | औधोगिक मेकानिकल पार्टस, वेरिङ्ग, वुस, टुल्स आपुर्ति कार्य | १७ | औषधि तथा जनस्वास्थ्य सम्वन्धि। |
| ८ | केमिकल तथा ग्लास वेयर कार्यहरु। | १८ | भण्डार,लेखा,मानव संशाधन, वीमा तथा अन्य प्राविधिक/प्रशासनिक परामर्श सेवा र आन्तरिक तथा कर लेखा परिक्षण। |
| ९ | प्लम्बिङ्ग अफिस सर-सफाई सम्बन्धि कार्यहरु। | १९ | चमेनागृह संचालन सम्वन्धि कार्य। |
| १० | मेशिनरी तथा रोप्वे स्पेयर पार्टस एवं मर्मत संभार सम्बन्धि कार्य। | २० | विभिन्न प्लाण्ट/खानी मेशिनहरुको मर्मत संभार |

**अन्य जानकारीहरुः**

१. आवेदक मध्येबाट ग्राह्य ठहरिएका व्यक्ति/फर्म/कम्पनीहरुलाई मात्र सूचिकृत गरिने छ। त्यसरी सूचिकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधारमानी गरिने छ।

२. सूचिकृत भएका व्यक्ति/फर्म/कम्पनीहरुबाट उद्योगको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्वारा भाग लिन अनुरोध गरिने छ।

३. सूचिकृत भएका कम्पनी तथा फर्महरुले सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा

सूचिकरणबाट बिना सूचना हटाउन सकिने छ। यस उपर कुनै दावी बिरोध गर्न पाइने छैन।

४. यस सम्बन्धि थप जानकारी आवश्यक परेमा यस उद्योगको प्रधान कार्यालय, जलजले, उदयपुरमा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ।

५. प्राप्त निवेदनहरु मध्ये कुनै वा सवै फर्मलाई सूचिकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार उद्योगमा नै निहित रहने छ।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु**

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. आ.ब.०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
४. कुनै सामान वा सेवा विक्री वितरण गर्न प्राप्त डिलरसीप वा एजेन्सीको प्रतिलिपी
५. हाल सम्म कालो सूचिमा नपरेको स्वयम घोषणा पत्र
६. कार्य अनुभव सम्वन्धि कागजातको प्रतिलिपी

नोटः- आफुले आपुर्ति गर्न सक्ने सामानहरुको मूल्य सूचि सूचिकृत निवेदन साथ संलग्न गर्नु पर्ने छ।


उदयपुर सिमेन्ट उद्योग लि.
प्रधान कार्यालय, जलजले, उदयपुर
E-mail Procurement @ucil.org.np
फोन नं. ०३५-४११०१२